# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०४।०३ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

प्रधानमन्त्री कृषि आधुनीकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाई सुपरजोन(गहुँ) कैलालीका परियोजना प्रमुख बरिष्ठ कृषि विकास अधिकृत रामनन्दन यादवले गहुँबाली चक्रको वृत्तचित्र निर्माण गर्ने कार्य सम्पन्न पश्चात सेवाग्राहीसँग सम्झौता बमोजिमको रकमबाट पचास प्रतिशतले हुन आउने रु.२५,०००।-(पच्चीस हजार) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरबाट खटिइ गएको टोलीले निजलाई रु.२५,०००। -(पच्चीस हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा मिति २०७५।०४।०२ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता